**अत्यन्त जरुरी सूचना**
**निर्वाचनमा सहभागी हुने मतदाताहरुको विवरण पठाउने सम्बन्धमा**

उपरोक्त सम्बन्धमा अक्टोवर महिनामा आयोजना हुन गईरहेको संघको १०औं अन्तर्राष्ट्रिय महाधिवेशन अन्तर्गत हुने निर्वाचनका लागि मतदान प्रक्रियामा सहभागी हुने प्रतिनिधिहरुले निम्न लिखित विवरणहरु सूचना प्रकाशित भएको मितिले ३ दिन भित्र पठाइदिन हुन अनुरोध गर्दछौं ।

१. आवश्यक विवरण नपुगेका प्रतिनिधिहरुको जानकारी एनसिसिमा पठाईसकेकोले सम्बन्धित एनसिसि संग सम्पर्क गरी मागिएको विवरण सचिवालयको आधिकारी इमेल contact@nrna.org मा पठाउन हुन अनुरोध गरिन्छ । विवरणमा गैरआवासीय नेपालीको हैसियत खुल्ने कागजातहरु, हालसालै खिचेको फोटो, सम्बन्धित प्रतिनिहरुको इमेल, फोन नम्बर मागिएको समेत जानकारी गराउंदछौं ।
२. पहिले सेल्फी अपलोड नगरेको भए सेल्फी अनिवार्य रुपमा Smart NRNA Android/IOS Mobile App बाट अपलोड गर्नु पर्ने छ ।
३. विधानको उपदफा १३.७ (ग) अनुसार ६५ प्रतिशत प्रतिनिधिहरु निवर्तमान कार्यसमितिले मिति १५ अगष्ट २०२१ भित्र पठाएको नामावलीलाई मान्यता दिईने छ ।
४. विधानको उपदफा १३.७ (ग) अनुसार महिला, युवा सहित गैरआवासीय नेपाली अभियानमा उल्लेख्य योगदान गरेका व्यक्तिहरु मध्येबाट १० प्रतिशत वर्तमान राष्ट्रिय समन्वय परिषद्ले मिति १५ अगष्ट २०२१ भित्र सिफारिस गरेको नामावलीलाई मान्यता दिईने छ ।
५. विधानको उपदफा १३.७ (क) अनुसार निर्वाचित हुने २५ प्रतिशत प्रतिनिधिहरुको सम्बन्धमा केही राष्ट्रिय समन्वय परिषदहरुमा समस्या देखिएकोले सम्बन्धित राष्ट्रिय समन्वय परिषदहरुलाई पत्राचार गरिएको जानकारी गराईन्छ ।

माथिको विवरण तोकिएको समय भित्र नआएमा सचिवालयसंग उपलब्ध भएको प्रतिनिधिहरुको विवरण जस्ताको त्यस्तै निर्वाचन समितिमा बुझाईने व्यहोरा समेत अवगत गराउंदछौ

**सचिवालय**
**गैरआवासीय नेपाली संघ ।**